# भागेश्वर गाउपालिका
# गाउ कार्यपालिकाको कार्यालय
## बगरकोट डडेल्धुरा
## सुदुर पच्छिम प्रदेश नेपाल

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगरकोट, डडेल्धुरा ७ नं. प्रदेश, नेपाल

प.स. : २०७५।०७६

च.न.

मितिः २०७६।०१।११

## विषय :- सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/०१/११

यस गाउँपालिका कार्यालयवाट तपसिल वमोजिमको निर्माण कार्य तथा सामानहरु वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले योग्य वोलपत्रदाताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. गत आ.व. मा नविकरण सहितको इजाजत-पत्र, कम्पनी/फर्म दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, अधिकृत विक्रेता प्रमाण, आयकर/मु.अ.करमा दर्ता प्रमाणपत्र र गुणस्तर चिन्ह(ISO) प्राप्त प्रमाणहरुको प्रतिलिपी संलग्न राखी छुटा - छुट्टै निवेदन दिई दस्तुर रु. ३०००।-(तिन हजार रुपैयां) पछि फिर्ता नहुने गरी वुझाई यस कार्यालय र जिल्ला प्रशासन कार्यालय डडेल्धुरा बाट वोलपत्र खरिद गर्न सकिनेछ। साथै निवेदन दस्तुर वाफतको रकम यस गाउँ कार्यपालिकाको सानिमा बैङ्क भागेश्वर शाखामा रहेको संचित कोष खाता नं.०७०००००००४२५ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर पेस गर्न सकिने छ ।
२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) औं दिन सम्ममा कार्यालय समय भित्र वोलपत्र फाराम खरिद गरी ३१ औं दिनको १२ वजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट साविक समयमै पेश गर्नु पर्नेछ ।
३. यसरी दर्ता हुन आएका वोलपत्र ३१ औं दिनको २:०० वजे कार्यालयको प्रतिनिधिहरु र वोलपत्रदाताहरुको रोहवरमा कार्यालय परिसरमा खोलिनेछ। वोलपत्रदाताहरु अनुपस्थित रहेमा पनि कार्यालयलाई वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा वोलपत्र खोलिने छ ।
४. वोलपत्र फाराम पेश गर्दा वोलपत्रदाताको ग्राह्यता सम्वन्धि आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
५. वोलपत्र फाराम राखिएको खाम वाहिर वोलपत्र नम्वर, कामको विवरण र वोलपत्रदाताको नाम, ठेगाना र फोन नं. स्पष्ट उल्लेख गरी यस गा.पा. लाई सम्वोधन गरी सो खामलाई सिलवन्दी गरि पेश गर्नु पर्ने छ। वोलपत्र खोलिएको मितिवाट ९० दिन अवधिका लागि मान्य हुनेछ।
६. वोलपत्र सम्वन्धी कागजात ( BID document ) यस गा.पा.को इमेल bhageshwormun@gmail.com मार्फत समेत खरिद गर्न सकिने छ। सो को लागी यस गाउँ कार्यपालिकाको सानिमा वैङ्क भागेश्वर शाखामा रहेको संचित कोष खाता नं.०७०००००००४२५ मा निवेदन दस्तुर रु ३०००।- जम्मा गरेको सक्कलै भौचर साथै अन्य आवश्यक कागजात पेस गर्नुपर्ने छ ।
७. वोलपत्र पेश गर्नु पुर्वको वैठक २०७६।०१।३० गते दिउसो २:०० वजे यस गा.पा. कार्यालय परिसरमा वस्नेछ ।
८. वोलपत्र पेश गर्नेले धरौटी रकम वाफत यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुरा शाखामा रहेको धरौटी खाता न ४०२०३०३००७१०५ मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारवाट मान्यता प्राप्त वैंकवाट १२० दिनको मान्य अवधि रहने गरी जारी भएको वैंक जमानत ( वैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ ।
९. वोलपत्र स्वीकृत भएपछी स्वीकृत वोलपत्रदाताले खरीद सम्झौता गर्दा कवोल गरेको अंकको सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ११० वमोजिम हुने गरी धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै वैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरी वोलपत्र स्वीकृत भएको ७ (सात) दिन भित्र सम्झौताको लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ।
१०. कवोल रकम उल्लेख गर्दा तोकिए वमोजिम लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।
११. कुनै शर्त राखी पेश गरिएको वोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ। साथै वोलपत्र स्विकृत भए पश्चात पनि कार्यालयले आवश्यक निर्माण कार्य पुर्ण वा आंशिक रुपमा थपघट गर्न सक्ने छ ।
१२. सूचनाको सर्त विपरित भएको , कार्यालयवाट उपलब्ध गराएको वोलपत्र फाराममा कुनै थपघट गरिएको ,रीत नपुगेको ,म्याद नाघी पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१३. वोलपत्रदाताले निर्माणस्थल र खरिदकार्यको सम्वन्धमा राम्ररी वुझि वोलपत्र पेश गरेको मानिने छ ।
१४. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक ख. ऐन, २०६३ र नियमावली , २०६४ वमोजिम हुनेछ ।
१५. वोलपत्र सम्वन्धी थप जानकारी आवश्यक परेमा आर्थिकप्रशासन शाखा को मो.न. ९८५८७३७००२ मा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
१६. खरिद गरिने सामग्रीहरुको प्राविधिक स्पेशिफिकेशन सम्वन्धि विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।
१७. उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

**तपसिल**

| वोलपत्र नं. | कामको विवरण | मू.अ.क. वाहेक ल.ई. रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|
| BRM/DAD/NCB/01/075/076 | बगरकोट सिराड बयलपाट सडक स्तरोउन्नती | ३४,१८,७५७.३५ ।- | १,००,००० ।- | |
| BRM/DAD/NCB/02/075/076 | चामागाड सिचाइ योजना | ७७,७१,४३१.१७ ।- | १,९५,००० ।- | |
| BRM/DAD/NCB/03/075/076 | चुल्ल सिचाई योजना (पाइप खरिद) | ४५,७९,२१०.१९ ।- | १,१५,००० ।- | |

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner